राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ७ अंक २४२ २०८२ चैत २३ गते सोमवार (6 May. 2026) पृष्ठ ४ मूल्य रु. ३।-

# मन्त्रिपरिषद्का ठूला निर्णय सार्वजनिक

## ऋण सहयोग, कार्यालय समय हेरफेर ई-सवारी प्रोत्साहन र वैशाखमा कक्षा सुरु

दैनिक समाचारदाता
काठमाडौं २२ चैत । सरकारले आइतबार बसेको मन्त्रिपरिषद् बैठकका महत्वपूर्ण निर्णयहरू सार्वजनिक गर्दै आर्थिक, प्रशासनिक तथा शैक्षिक क्षेत्रमा दूरगामी प्रभाव पार्ने विभिन्न नीतिगत कदम अघि सारेको छ । प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा दिउँसो १ बजेदेखि सुरु भएको बैठकले मुलुकमा देखिएको पेट्रोलियम आपूर्ति असहजता, डिजिटल पूर्वाधार विस्तार, वित्तीय समावेशिता तथा प्रशासनिक सुधारका विषयलाई प्राथमिकतामा राख्दै निर्णयहरू गरेको हो ।

बैठकले विशेषगरी पछिल्लो समय देखिएको इन्धन आपूर्ति समस्यालाई सम्बोधन गर्न सरकारी कार्यालय तथा शैक्षिक संस्थाहरूमा दुई दिन सार्वजनिक बिदा दिने निर्णय गरेको छ । ०८२ चैत २३ गतेदेखि लागू हुनेगरी शनिबार र आइतबार बिदा दिने निर्णयले इन्धन खपत घटाउने तथा व्यवस्थापनमा सहयोग पुग्ने सरकारको अपेक्षा छ । यद्यपि, शैक्षिक संस्थाबाहेक अन्य सरकारी कार्यालयहरूको दैनिक कार्यसमय भने बिहान ९ बजेदेखि साँझ ५ बजेसम्म कायम गरिनेछ ।

डिजिटल पूर्वाधार सुदृढीकरणतर्फ सरकारले 'डिजिटल नेपाल ट्रान्सफर्मेशन प्रोजेक्ट' अन्तर्गत एशियाली विकास बैंक (बम्द्य) र विश्व बैंकबाट प्राप्त हुने कूल ९० मिलियन अमेरिकी डलर बराबरको सहुलियतपूर्ण ऋृण स्वीकार गर्ने निर्णय गरेको छ। यसअन्तर्गत एडीबीबाट ४० मिलियन र विश्व बैंकबाट ५० मिलियन अमेरिकी डलर प्राप्त हुनेछ। यो परियोजनाले सूचना प्रविधिको पहुँच विस्तार, सरकारी सेवा डिजिटलीकरण तथा डिजिटल अर्थतन्त्र प्रवर्द्धनमा योगदान पुऱ्याउने अपेक्षा गरिएको छ।



### यस्ता निर्णय

- डिजिटल नेपाल ट्रान्सफर्मेशन प्रोजेक्टका लागि क्रमशः एशियाली विकास बैंक तथा विश्व बैंकले प्रदान गर्ने ४० मिलियन अमेरिकी डलर र ५० मिलियन अमेरिकी डलर गरी जम्मा ९० मिलियन अमेरिकी डलर बराबरको सहुलियतपूर्ण ऋृण स्वीकार गर्ने ।
- दिगो र समावेशी वित्त परियोजनाका लागि विश्व बैंकबाट प्राप्त हुने ९५ मिलियन अमेरिकी डलर बराबरको सहुलियतपूर्ण ऋृण स्वीकार गर्ने ।
- नेपाल सरकारका सबै मन्त्रालय, सचिवालय, आयोग र अन्तर्गतका निकायहरूको संगठन तथा व्यवस्थापन, सर्वेक्षण गर्न पूर्वस्वीकृति दिने ।
- राष्ट्रिय समाचार समितिका कार्यकारी अध्यक्ष धर्मेन्द्र झाले दिनुभएको राजीनामा स्वीकृत गर्ने ।
- पेट्रोलियम आपूर्तीमा उत्पन्न असहजताका कारण ०८२ चैत २३ गतेदेखि लागू हुनेगरी सरकारी कार्यालय तथा सम्पूर्ण शैक्षिक संस्थाहरूमा शनिबार र आइतबार बिदा दिने ।
- शैक्षिक संस्थाबाहेक उल्लेखित कार्यालयहरूको कार्यालय समय ९ देखि ५ बजे कायम गर्ने ।
- डिजेल तथा पेट्रोल गाडीलाई विद्युतीय गाडीमा परिवर्तन गर्नका लागि आवश्यक कानुनी व्यवस्था मिलाउने ।
- आगामी शैक्षिक सत्र २०८३ वैशाख १५ गतेबाट सुरु गर्ने ।

त्यसैगरी, दिगो र समावेशी वित्तीय पहुँच विस्तारका लागि विश्व बैंकबाट प्राप्त हुने ९५ मिलियन अमेरिकी डलर बराबरको अर्को सहुलियतपूर्ण ऋृण पनि स्वीकार गर्ने निर्णय गरिएको छ। यसले ग्रामीण तथा विपन्न वर्गसम्म वित्तीय सेवा पहुँच विस्तार गर्न सहयोग पुऱ्याउने विश्वास सरकारको छ।

प्रशासनिक सुधारअन्तर्गत सरकारले सबै मन्त्रालय, सचिवालय, आयोग तथा मातहतका निकायहरूको संगठन तथा व्यवस्थापन (ओएन्डएम) सर्वेक्षण गर्न पूर्वस्वीकृति दिएको छ। यस कदमले सरकारी संरचना चुस्त बनाउने, दोहोरोपन हटाउने तथा कार्यक्षमता अभिवृद्धि गर्ने लक्ष्य राखिएको छ।

यसैबीच, राष्ट्रिय समाचार समितिका कार्यकारी अध्यक्ष धर्मेन्द्र झाले दिएको राजीनामा पनि मन्त्रिपरिषद्ले स्वीकृत गरेको छ। यस निर्णयसँगै उक्त संस्थामा नेतृत्व परिवर्तनको प्रक्रिया अघि बढ्नेछ।

ऊर्जा तथा वातावरणमैत्री यातायात प्रवर्द्धनका लागि सरकारले डिजेल तथा पेट्रोलबाट चल्ने सवारी साधनलाई विद्युतीय सवारीमा रूपान्तरण गर्न आवश्यक कानुनी व्यवस्था मिलाउने निर्णय पनि गरेको छ। यसले दीर्घकालमा इन्धन आयातमा निर्भरता घटाउने र वातावरणीय प्रदूषण न्यूनीकरणमा सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ।

शिक्षा क्षेत्रतर्फ, सरकारले आगामी शैक्षिक सत्र २०८३ वैशाख १५ गतेदेखि सुरु गर्ने निर्णय गरेको छ। यसले देशभरका विद्यालय तथा शैक्षिक संस्थाहरूलाई एकीकृत तालिका अनुसार सञ्चालन गर्न सहजता प्रदान गर्नेछ। सरकारका यी निर्णयहरूलाई समग्र रूपमा हेर्दा तत्कालीन समस्या समाधानसँगै दीर्घकालीन सुधार र विकासका दिशामा केन्द्रित रहेको देखिन्छ। विशेषगरी इन्धन संकट व्यवस्थापन, डिजिटल रूपान्तरण, वित्तीय समावेशिता र प्रशासनिक सुधारका पहलले आगामी दिनमा शासन प्रणालीलाई थप प्रभावकारी बनाउने अपेक्षा गरिएको छ।

# ८ महिनामा साढे ३१ करोड राजस्व संकलन

वीरेन्द्र कर्ण
जनकपुरधाम, २२ चैत । सर्लाही भन्सार कार्यालय मलंगवाले आलु आब २०८२/०८३ को ८ महिनामा लक्ष्यको तुलनामा ७३ प्रतिशत राजस्व संकलन गरेको छ ।

संघीय सरकारले सो कार्यालयलाई चालु आबमा ५४ करोड २२ लाख राजस्व उठाउने लक्ष्य दिएकोमा सो कार्यालयले ८ महिनाको अवधिमा ३० करोड ९७ लाख राजस्व संकलन गरेको छ ।

सुरक्षा निकायको उदासिनताको कारण ८० प्रतिशत तस्करी बढेको, सुरक्षाकर्मी इमान्दार नभएको तथा अग्रिम आयकर सरकारले हटाएकाले लक्ष्य अनुरुपको राजस्व उठन नसकेको भन्सार प्रमुख ठाकुर आचार्यले बताउनुभयो ।

भारतबाट सीमानाका हुँदै खासगरी धान, आलु, प्याज आउने गरेको छ भने अन्य सामानहरु तस्करी भई नेपाल भित्रिने गरेको छ ।

यतातिर यस क्षेत्रमा तस्करी बढेको छ भने अर्कोतिर राजस्व चुहावट नियन्त्रण हुन नसकेको कारण यो अवस्था आएको एक कर्मचारीले बताए ।

भारतीय सीमासँग जोडिएको सर्लाहीको मधुबनी, बलरामपुर, संग्रामपुर, पर्सा नाकाहरुबाट व्यापक रुपमा तस्करी हुने गरेको छ । चालु अवस्थामा रहेको त्रिभूवन नगर छोटी भन्सार कार्यालयबाट पर्याप्त मात्रामा भन्सार काट्न सकेको छैन भने चेकजाँचको नाउँमा सुरक्षाकर्मीले रकम उठाउने गरेको पाइएको छ।

सीमापारी रहेको भारतको सोनवर्षा बजारबाट भारतीय समान नेपाल भित्रिने गरेको छ ।

# महान्यायाधिवक्तामा डा. नारायण कँडेल नियुक्त

दैनिक समाचारदाता
काठमाडौं २२ चैत । सरकारले डा. नारायणदत्त कँडेललाई महान्यायाधिवक्तामा नियुक्त गरेको छ । आज बसेको मन्त्रिपरिषद् बैठकले उनलाई सरकारको कानुनी सल्लाहकार बनाउन सिफारिस गरेको थियो । सोही अनुसार उनलाई राष्ट्रपति रामचन्द्र पौडेलले नियुक्त गरेका हुन् । महान्यायाधिवक्ता सरकारको कानुनी सल्लाहकार रहनुका साथै फौजदारी मुद्दाको अभियोजन गर्ने सरकारी वकिलहरूको नेतृत्व गठन, सरकारवादी हुने सबै मुद्दाको बहस पैरवीको नेतृत्व गर्छन् । कँडेल रास्वपा सभापति रवि लामिछानेको मुद्दामा कानुनी सल्लाहकारको रूपमा काम गरेका व्यक्ति पनि हुन् ।



उनी पत्रकार महासंघ (बागलुङ, पर्वत, म्याग्दी र मुस्ताङ) धौलागिरी शाखाको सभापति पनि निए । विसं २०५८ देखि २०६० सम्म धौलागिरी शाखाको सभापति पनि थिए ।

# एमालेकी भण्डारी निर्विरोध उपाध्यक्ष



दैनिक समाचारदाता
काठमाडौं २२ चैत । राष्ट्रिय सभाको उपाध्यक्षमा नेकपा एमालेकी सांसद लिलाकुमारी भण्डारी निर्विरोध निर्वाचित भएकी छन्। उपाध्यक्षाको मनोनयन दर्ताका लागि तोकेको समयमा भण्डारीको मात्रै उम्मेदवारी परेको संघीय संसद् सचिवालयका सहप्रवक्ता अनन्त कोइरालाले जानकारी दिए। सचिवालयले उपाध्यक्षको लागि आइतबार साढे २ बजेदेखि साढे ३ बजेसम्म मनोनयन दर्ताका लागि समय छुट्ट्याएको थियो।

भण्डारीको प्रस्तावकमा एमालेका राष्ट्रिय सभा संसदीय दलका नेता प्रेमप्रसाद दंगाल रहेका छन्। उनका समर्थकमा नेपाली कांग्रेसका सांसद कृष्णबहादुर रोकाय, जनता समाजवादी पार्टी नेपालकी सांसद पुजा चौधरी र नेपाली कम्युनिस्ट पार्टीकी सांसद मदनकुमारी शाह रहेका सहप्रवक्ता कोइरालाले जानकारी दिए।

# काठमाडौंमा गुण्डागर्दीविरुद्ध प्रहरी अपरेशन

दैनिक समाचारदाता
काठमाडौं, २२ चैत । चैत २० र २१ मा काठमाडौं प्रहरीले गुण्डागर्दीविरुद्ध अपरेशन चलाएर ३३ जनालाई पक्राउ गरेको छ। जिल्ला प्रहरी परिसर काठमाडौंका एसपी पवन भट्टराईका अनुसार, 'गुण्डागर्दीमा संलग्न ३३ जना अहिले हिरासतमा छन्।'

प्रहरीले उनीहरूमाथि सार्वजनिक शान्ति विरुद्धको कसुरमा अनुसन्धान गर्न जिल्ला प्रशासन कार्यालयबाट अनुमति पाएको छ। यसअघि पक्राउ परेकाहरूलाई 'पटके' कायम गरेर अदालतमा मुद्दा अघि बढाउने तयारी पनि भइरहेको छ। राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का वरिष्ठ नेता बालेन्द्र शाह 'बालेन' प्रधानमन्त्री भएपछि गुण्डागर्दीविरुद्ध अपरेशन भएको आशंका गरिएको छ, तर प्रहरीका अनुसार यसअघि नै निगरानी भइरहेको थियो। उपत्यका अपराध अनुसन्धान कार्यालयका एसएसपी सन्तोष खड्काका अनुसार, गण्डकी प्रदेशका पूर्व सांसद दीपक मनाङे (राजीव गुरुङ)को ठमेलमा भव्य स्वागतपछि गुण्डाहरूको गतिविधि सलबलाएको थियो। मनाङेको स्वागतमा झण्डै ४५० जना भेला भएका थिए। एसएसपी खड्काले भने, 'मनाङेको स्वागतपछि उनीहरूमा निगरानी राख्दै अपरेशनको तयारी गरिएको थियो।' एसपी भट्टराईले जानकारी दिनुभयो कि काठमाडौंमा हप्ता असुली, धम्की र बिचौलियाको माध्यमबाट रकम असुल्ने गतिविधि भइरहेको छ। प्रारम्भमा गुण्डाहरूलाई सार्वजनिक शान्ति विरुद्धको कसुरमा अनुसन्धान गरिनेछ, तर उजुरी वा अन्य कसुर भेटिएमा त्यसमा पनि कानुनी कारबाही गरिनेछ।

यसअघि २०८१ माघमा तरबार र खुकुरीले केक काटेर आतंक मच्चाउने समूहलाई नियन्त्रणमा लिइ ७ जनालाई पक्राउ गरिएको थियो। पछिल्लो समय अपरेशनपछि धेरै गुण्डाहरू उपत्यका छाडेका छन् र उनीहरूमाथि निगरानी जारी छ।



## सम्पादकीय

# साक्षर मधेश कहिले ?

नेपालको संविधानले शिक्षालाई मौलिक हकका रूपमा सुनिश्चित गरेको छ। अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५ ले त्यसलाई व्यवहारमा उतार्ने कानुनी आधार पनि दिएको छ। तर कानुन र नीतिगत प्रतिबद्धताबीचको दूरी अझै यथावत् छ भन्ने उदाहरणका रूपमा मधेश प्रदेशको अवस्था उभिएको छ। देशका ६ वटा प्रदेश पूर्ण साक्षर घोषणा भइसकेका बेला मधेश प्रदेश अझै त्यस सूचीमा पर्न नसक्नु केवल प्रशासनिक ढिलासुस्ती मात्र होइन, यो राज्यको प्राथमिकतामाथिको गम्भीर प्रश्न पनि हो।

प्रतिनिधिसभा सदस्य पुष्पा कुमारी चौधरीले सरकारसँग आवश्यक बजेट विनियोजनको माग गर्दै शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रीलाई पत्र लेख्नु परेको अवस्था आफैंमा संकेत हो, साक्षरता जस्तो आधारभूत विषय अझै पनि राजनीतिक र प्रशासनिक प्राथमिकताको केन्द्रमा पर्न सकेको छैन। जब संविधानले सुनिश्चित गरेको अधिकार कार्यान्वयन गर्नका लागि निर्वाचित प्रतिनिधिले छुट्टै पहल गर्नुपर्छ, तब राज्य संयन्त्रको प्रभावकारितामाथि प्रश्न उठ्नु स्वाभाविक हो।

संघीयता कार्यान्वयनपछि शिक्षा संरचनामा गरिएको पुनर्संरचना पनि यहाँको चुनौतीसँग जोडिएको छ। विगतमा सञ्चालनमा रहेका अनौपचारिक शिक्षा केन्द्रहरू खारेज गरिए र नयाँ संरचनाअन्तर्गत कार्यक्रम सञ्चालन गरियो। तर संरचना परिवर्तनले मात्रै परिणाम सुनिश्चित गर्दैन; त्यसका लागि पर्याप्त स्रोत, दक्ष जनशक्ति र निरन्तर अनुगमन आवश्यक पर्छ। मधेशमा यिनै पक्षहरू कमजोर देखिन्छन्। सामुदायिक सिकाइ केन्द्रहरू कागजमा सक्रिय देखिए पनि व्यवहारमा धेरै ठाउँमा निष्क्रिय वा प्रभावहीन छन्।

मधेश प्रदेशको सामाजिक(आर्थिक यथार्थ पनि साक्षरता अभियानमा अवरोध बनेको छ। गरिबी, बालविवाह, बालश्रम, लैङ्गिक असमानता र शिक्षा प्रतिको कमजोर पहुँच जस्ता समस्याले यहाँको शैक्षिक अवस्था जटिल बनाएको छ। विशेषगरी महिला साक्षरताको अवस्था अझै चुनौतीपूर्ण छ। यस्ता संरचनागत समस्यालाई सम्बोधन नगरी केवल कार्यक्रम घोषणा वा बजेट विनियोजनले मात्र अपेक्षित उपलब्धि हासिल गर्न सकिँदैन।

तर यसको अर्थ समाधान असम्भव छ भन्ने होइन। विगतमा अन्य प्रदेशहरूले पनि यस्तै चुनौतीहरू पार गर्दै पूर्ण साक्षर घोषणा गरेका हुन्। त्यसका लागि स्पष्ट रणनीति, लक्षित कार्यक्रम र स्थानीय तहसँगको समन्वय अत्यन्त महत्वपूर्ण हुन्छ। मधेशमा पनि यदि शिक्षा क्षेत्रलाई प्राथमिकतामा राखी पर्याप्त बजेट, प्रभावकारी कार्यान्वयन र कडा अनुगमन सुनिश्चित गरियो भने साक्षरता लक्ष्य प्राप्त गर्न धेरै समय लाग्ने छैन।

सरकारले साक्षरता अभियानलाई केवल औपचारिक घोषणा प्राप्त गर्ने लक्ष्यका रूपमा होइन, मानव विकासको आधारभूत सूचकका रूपमा हेर्नुपर्छ। साक्षर नागरिक मात्र लोकतन्त्रको सुदृढ आधार हुन सक्छन्। त्यसैले मधेश प्रदेशलाई पूर्ण साक्षर घोषणा गर्नु केवल एउटा प्रशासनिक उपलब्धि नभई सामाजिक रूपान्तरणको महत्वपूर्ण चरण हुनेछ।

अन्ततः, सांसद चौधरीको पहललाई केवल एउटा व्यक्तिगत आग्रहका रूपमा होइन, सम्पूर्ण मधेशको आवाजका रूपमा बुझिनुपर्छ। अब सरकारको परीक्षा यही हो।के उसले यस आवाजलाई सुन्छ र आवश्यक कदम चाल्छ, वा फेरि साक्षरताजस्तो आधारभूत अधिकारलाई कागजी प्रतिबद्धतामै सीमित राख्छ ?

# राजनीतिको परिवर्तित भाष्य



विद्या भट्टराई

राजनीति नीति, नेतृत्व, अवसर, पहुँच, दलहरू बीचको प्रतिस्पर्धा र राज्यको संरचनागत सम्बन्धको समुच्च रूप हो। हामीकहाँ लामो समयसम्म राजनीतिलाई बुझ्ने मुख्य भाष्य दलको प्रभाव र दलीय संगठनहरूको निर्माणमा रह्यो। राज्य, सरकार र दलहरू बीचको भिन्नतालाई परिभाषित गर्न नसकेका कारण राजनीतिक प्रणालीले नयाँ पुस्तालाई राज्य प्रणालीमा समावेश गर्न अक्षम भएको महसुस भयो। यसैको फलस्वरुप, राजनीतिको मूलधारमा रहेका पुराना दलहरूमा सीमित नेताहरूको शासकीय प्रणालीबाट शासित हुनुपर्ने अवस्था सिर्जना गर्‍यो। संविधान निर्माणपछि शासकीय स्वरुप, संविधानको सर्वोच्चता र नागरिकले प्राप्त गरेको मौलिक हकको कार्यान्वयनका लागि राज्य सक्षम बन्नुपर्ने अनिवार्य शर्त थियो। यो शर्तलाई राजनीतिक शक्ति सन्तुलन र पारस्परिक भूराजनीतिक सम्बन्धका आधारमा सञ्चालन गर्नुपर्ने जिम्मेवारी राज्यको नेतृत्व तहमा थियो। त्यति मात्र थिएन केन्द्रीकृत शासनव्यवस्था र वंशीय राजनीतिको अन्त्यपछि निर्माण गरिएको संघीय लोकतान्त्रिक गणतन्त्रप्रति अधिकतम अपेक्षा नागरिकमा थियो।

राजनीति केवल राज्यका प्रशासन बीचको मात्र सम्बन्ध होइन। लोकतन्त्रमा राजनीतिको मुख्य स्रोत नागरिक हुने गर्दछन्। नागरिकको जीवन सञ्चालनमा राज्यले गर्ने सहजीकरणले मात्र राज्य र नागरिक बीचको अन्तरसम्बन्ध कायम गर्दछ। यही अन्तरसम्बन्धका आधारमा राज्य निर्माणको बृहत् स्वरुप निर्माण हुन्छ। लोकतान्त्रिक प्रणाली राज्य व्यवस्थाको एकीकृत रूप हो तर नागरिक कर्तव्यबोधका लागि नागरिक समाज र सामाजिक धारहरूको बीचमा अन्तरसम्बन्ध निर्माण गर्नु पनि राजनीतिको अर्को महत्वपूर्ण पक्ष हो।

### *नागरिकको सोचमा परिवर्तन*

आम नागरिकको राजनीतिक चेतमा आउने परिवर्तन नै राजनीतिको 'पाराडाइम सिफ्ट' बन्न पुग्दछ। सिद्धान्त, वाद, विचार र अवधारणा राजनीति हो भन्ने मान्यताबाट दृष्टिकोण हो भन्ने मान्यतामा नागरिक सोच परिवर्तित भएको छ। समाजमा घट्ने विविध घटनालाई हेर्ने दृष्टिकोण र नागरिकहरूको सुरक्षाका सवालमा गरिने निर्णयहरूले राजनीतिक दल र सिंगो राज्य प्रणाली प्रतिको नागरिक विश्वास पैदा गर्ने गर्दछ।

लोकतान्त्रिक प्रणाली राज्य व्यवस्थाको एकीकृत रूप हो। तर नागरिक कर्तव्यबोधका लागि नागरिक समाज र सामाजिक धारहरूको बीचमा अन्तरसम्बन्ध निर्माण गर्नु पनि राजनीतिको अर्को महत्वपूर्ण पक्ष हो।

समाज विज्ञानको फराकिलो ज्ञान, प्रविधिको विकास, सूचनाको पहुँच र सामाजिक सञ्जालले निर्माण गरेको अवधारणाले नागरिकको सोच्ने क्षमतामा भिन्नता मात्र होइन आम रूपमा परिवर्तन आएको छ। क्रान्ति, आन्दोलन, परिवर्तन र छलाङ जस्ता शब्दहरू हिजो राजनीतिका मुख्य शब्दावली बन्ने गर्दथे भने आज यी सबै शब्दहरू सिफ्ट भन्ने एउटा शब्दमा रूपान्तरित भएको छ।

रूपान्तरण र पुस्तान्तरण लोकतन्त्रको आधारभूत पक्ष हो। यो मान्यता दलहरूभित्र अनुसरण हुनुपर्दछ भन्ने सवाल आम नागरिकको आवाज बनेको थियो। यो सवाल आजको पुस्ताले मात्र होइन सबै उमेर समूहका नागरिकहरूले विगतको राजनीतिसँग आश गरेको महत्वपूर्ण पक्ष हो। यो प्रक्रिया दलहरूका संगठन प्रणालीभित्र अनुसरण हुन नसक्दा केवल नारामा सीमित बन्न पुग्यो र यसले आम रूपमा नागरिकमा नैराश्यता सिर्जना गर्न पुग्यो।

राजनीतिले समाजको रूपान्तरण गर्न सक्दछ भन्ने स्थापित सत्यता आम नागरिकमा कायम छ। यो सत्यतालाई राजनीतिक दलहरूको सांगठनिक जीवनमा प्रमाणित गर्न नसक्दा समाजले निर्माण गरेका विविध आयाम र नयाँ चुनौतीको सामना गर्ने सामर्थ्य कमजोर हुँदै गएको महसुस आम नागरिकमा भयो। यही सामाजिक मान्यताका कारण हिजोका प्रमुख धारमा रहेका राजनीतिक शक्तिहरूको प्रभाव कमजोर बन्न पुग्यो।

लोकतान्त्रिक प्रणालीमा प्रश्न गर्नु नागरिकको हक हो। प्रश्नहरूलाई विरोधको स्वरका रूपमा व्याख्या गर्ने शासकीय सोचका कारण राजनीतिक शक्ति र नागरिकको बीचमा संवादहीनता निर्माण गर्ने गर्दछ। राजनीतिलाई एकांकी सोचको आधारमा मात्र बुझ्ने र व्याख्या गर्ने प्रवृत्तिमा आम नागरिकले परिवर्तन खोजेका छन्।

### *मुद्दाहरूको प्राथमिकीकरण*

हाम्रो राज्यव्यवस्था परिवर्तनमा आन्दोलन नै मुख्य प्रक्रिया बन्ने गरेको छ। हरेक आन्दोलनलाई उपलब्धिपूर्ण बनाउन राजनीतिक दलहरूको भूमिका अग्रणी रहेको छ। आन्दोलनबाट प्राप्त उपलब्धिको संरक्षण गर्दै समयमा नै आन्दोलनले पहिचान गरेको विभेद र द्वन्द्वको व्यवस्थापन गर्नुपर्ने भूमिकाबाट भने हिजो जिम्मेवारीमा रहेका प्रमुख दलहरू चुकेका छन्।

हरेक राजनीतिक र सामाजिक आन्दोलन निश्चित मुद्दा, संरचनागत प्रवृत्ति र नागरिकको जीवन व्यवहारमा देखिएका समस्याबाट निर्माण हुने गर्दछन्। आन्दोलनबाट सिर्जित परिवर्तनका एजेन्डाहरूलाई राज्यव्यवस्थाले प्राथमिकताका साथ निश्चित समयसीमाभित्र सम्बोधन गर्न नसक्दा राज्य र समाज बीच थप असन्तुष्टि उत्पन्न हुने गरेको छ। २००७ सालदेखि २०६२/६३ सम्मको आन्दोलनलाई विश्लेषण गर्दा यी आन्दोलनहरू मूल रूपमा राज्यव्यवस्था परिवर्तनमा केन्द्रित थिए। संविधान निर्माणलाई पछिल्लो आन्दोलनले प्राथमिकता दियो र आन्दोलनका मर्म र मुद्दाहरूलाई संविधानमार्फत सम्बोधन गर्ने प्रयास भयो।

बलियो र सार्वभौम सरकार मार्फत नागरिकका मौलिक हकको कार्यान्वयन गर्ने म्यान्डेट सरकारले प्राप्त गरे पनि नेतृत्वकर्ता दलहरूभित्र नेतृत्व बीच हुने शक्ति संघर्षका कारण नागरिकका मुद्दाहरूको प्राथमिकीकरण हुन सकेन। नागरिकको प्राथमिकता र दलहरूको कार्यशैलीमा देखिएको भिन्नताले अन्ततः नागरिकहरू दलीय स्वरुपसँगै आक्रोशित बन्ने स्थिति तयार भयो।

भौतिक विकासलाई विकासको मुख्य आयाम मान्दा सामाजिक र मानवीय विकासका पक्षहरू राज्यको मूलधारबाट बाहिरिएर शीर्षकमा मात्र सीमित बन्न पुगे। आप्रवासनलाई भूमण्डलीकरणको प्रभाव र सामाजिक प्रक्रियाको रूपमा बुझ्ने मात्र होइन, राज्यका नेतृत्व तह-तप्का नै यो प्रक्रियामा सहभागी हुने अभ्यासले राष्ट्रिय भावलाई कमजोर बनाउन भूमिका खेल्यो। श्रम तथा शिक्षाका लागि हुने मानव र पूँजी पलायनले राज्य निर्माणको अभियानलाई सार्थक बनाउन सकेन। साथै, कोभिड १९ को महामारीपछि मुख्य शहरहरूमा बसोबास गरिरहेका, व्यक्तिगत सम्पत्तिको अभाव नभएका, आफ्नो व्यवसायमा क्रियाशील र हैसियत प्राप्त व्यक्तिहरूको सिंगो परिवार विदेश पलायन हुने क्रम व्यापक हुँदा आम निराशा पैदा गर्‍यो।

आम नागरिकमा उत्पन्न निराशाको सम्बोधनका लागि नीतिहरूको प्राथमिकीकरण गर्न नसक्नु मात्र प्रमुख कारण बनेन, नीतिहरूको कार्यान्वयनका लागि नेतृत्व प्रदान गर्न समेत तत्कालीन नेतृत्व अक्षम छ भन्ने भाष्य नागरिक तहमा निर्माण भयो। त्यसैले अबको राजनीतिले युवा पुस्ताको नेतृत्वमा भएको आन्दोलन र यस आन्दोलनले उठाएका मुद्दाहरूलाई आगामी राजनीतिको रोडम्याप बनाउनु अनिवार्य छ।

### *राजनीतिक संस्कृतिमा जोड*

हाम्रो राजनीतिक अभ्यासमा सांस्कृतिक पक्षका वारेमा व्यापक चर्चा र सार्वजनिक बहस शुरु भएको छ। जनप्रतिनिधिहरूले संविधानको मार्गदर्शन र कानूनको परिपालना कति गर्ने गर्दछन् भन्ने आधारमा नागरिकहरूले राजनीतिक दलहरूको मूल्यांकन गर्ने क्रम शुरु भएको छ। राजनीतिक संस्कृतिले राजनीतिक दल, नेता र सम्पूर्ण जनप्रतिनिधिहरूको आचरण, व्यवहार र नियतलाई जनसमक्ष प्रस्तुत गर्दछ र यसैका आधारमा नागरिकहरूको राजनीतिप्रतिको दृष्टिकोण र मान्यता निर्माण हुन्छ।

राजनीतिक संस्कृतिको विकासका मुख्य स्रोत राजनीतिक दलहरू हुन् भने कर्ताका रूपमा दलका नेता, कार्यकर्ता र जनप्रतिनिधिहरू हुने गर्दछन्। राजनीतिक संस्कृति हरेक राजनीतिक कर्मीहरूको मानसिकता र व्यवहारमा देखिनुपर्दछ, जसले राजनीतिप्रति आम नागरिकको सकारात्मक झुकाव निर्माण गर्न सहज हुन्छ। राजनीतिमा कुनै लाञ्छना र आरोप लाग्यो भने तुरुन्तै सत्यतथ्य पुष्टि गरी शंका निवारण गर्ने संस्कारको अभावका कारण राजनीतिलाई अपारदर्शी खेलको रूपमा बुझ्ने र व्याख्या गर्ने प्रचलन हावी छ।

लोकतान्त्रिक व्यवस्थाको सुदृढीकरणका लागि राजनीतिक संस्कृतिको परिभाषा मात्र पर्याप्त हुँदैन। राजनीतिक नेता र कार्यकर्ताहरूको जीवन व्यवहारबाट उन्नत संस्कृति निर्माण गर्न सक्दा राजनीतिप्रतिको आम जनविश्वास कायम रहन्छ। नेपालको संविधानले समानुपातिक समावेशितालाई राजनीतिक संस्कृतिको रूपमा व्याख्या गरेको छ।

हामीले राजनीतिक अभ्यासलाई हेर्‍यौं भने संकुचित र पराश्रित संस्कृति अवलम्बन भइरहेको देखेका छौं। असल राजनीति त्यतिवेला मात्र निर्माण हुन्छ जतिबेला राजनीतिक सन्तुलनका आधारमा तयार भएका दस्तावेजहरूमा लिखित मान्यताहरू राजनीतिक जीवन प्रणालीमा व्यावहारिक प्रयोग हुन्छ।

सुशासन सहितको जनपक्षीय सरकार र राज्यका संयन्त्रहरूको प्रणालीगत परिचालन नै आजको राजनीतिक संस्कृतिको मूल मर्म हो। बहुलता र विविधता सहितको समाज व्यवस्थालाई नेतृत्व गर्ने राज्यप्रणालीको परिकल्पनालाई व्यवहारमा प्रदर्शित गर्नुपर्ने अनिवार्य दायित्व सहितको राजनीतिक संस्कृति आजको अपरिहार्य विषय हो।

### *निष्कर्ष*

लामो समयसम्म एकै धारबाट अगाडि बढिरहेको राजनीतिमा नयाँ पुस्ताको अर्थपूर्ण सहभागिता हुनु राजनीतिभित्रको नेतृत्व निर्माणमा आएको परिवर्तित रूप हो। राज्यको महत्वपूर्ण अंग व्यवस्थापिकामा देखापरेको यो संख्यात्मक आकारले राजनीतिभित्रको पुस्तान्तरणको बहसलाई केही सार्थक बनाउन भूमिका खेलेको छ। पुस्तान्तरणसँगै सहकार्य र समन्वयको संस्कृति निर्माण गर्न सक्दा मात्रै राज्य प्रणालीले स्थायित्व प्राप्त गर्न सक्दछ। अव्यावहारिक र उल्झन दिने कानूनहरूको खारेजीका साथै तजबिजी अधिकारको प्रयोग गर्ने गरी बनाइएका दफा र उपदफाहरूको संशोधन समयमा गर्न सक्दा मात्र नागरिकमैत्री राजनीति र राज्यप्रणालीको निर्माण गर्न सकिन्छ।

*साभार : अनलाइनखबरडटकम*

## तपाईंको आज

मेष : दिन शुभ फलदायक छ। कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ। ऐश्वर्य प्राप्ति, सन्तोष होला।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न। त्यसपछि भने लाभ, सफलता होला।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला।

वृश्चिक : दिन शुभ फलदायक छ। स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ।

धनु : समय बलवान् छ। मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ।

मीन : तपाईंका लागि समय शुभ छ। परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला।

## आवश्यक टेलिफोन नम्बरहरू

### एम्बुलेन्स

| | |
|---|---|
| मिथिला युवा समाज नेपाल | ९८४४१०४३४४,०४१-५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा-१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लव | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१-५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१-५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |

### प्रहरी कार्यालय

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ०४१-५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१-५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१-५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१-५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१-५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१- |
| मुजेलिया प्रहरी चौकी | ०४१-५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |

### अस्पतालहरू

| | |
|---|---|
| जनकपुर अञ्चल अस्पताल | ०४१-५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१-५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१-५२०३९७ |
| बछार प्रसुति केन्द्र | ५२२४५७ |

### महत्वपूर्ण कार्यालयहरू

| | |
|---|---|
| जनकपुर उपमहानगरपालिका | ०४१- |
| बरुण यन्त्र जउमनपा | ०४१-५२००११ |
| बस पार्क | ०४१-५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१-५२००४४ |
| बुद्ध एयर | ०४१-५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१-५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१-५२०१५१ |
| जानकी केवुल | ०४१-५२३७२८ |
| शाह केबुल | ०४१-५२४७२२ |

# ग्यास बचाउने १० स्मार्ट उपाय



काठमाडौं । ग्यासको बढ्दो मूल्य र मागले हरेकलाई समस्या पारिरहेको छ । तर, केही बुद्धिमानीपूर्ण तरिकाले ग्यासलाई दोब्बर समयसम्म चल्ने गरि बचत गर्न सकिन्छ । ग्यास बचाउने केही वैज्ञानिक र प्रभावकारी तरिकाहरू छन्, जसबाट इन्धनको खपत लगभग ५० प्रतिशतसम्म घटाउन सकिन्छ ।

धेरैजसो मानिसहरू अनजानमा नै गलत बर्नर प्रयोग गरेर वा खुला भाँडामा खाना पकाएर ठूलो मात्रामा ग्यास खेर फाल्छन् । प्रेसर कुकरको सही प्रयोग, दालहरूलाई भिजाउने, बर्नर नियमित सफा गर्ने जस्ता साना-साना परिवर्तनले ग्यास मात्र पैसा बचाउँदैन, खाना पकाउने समय पनि धेरै घटाउँछ।

यी १० टिप्सले भान्सालाई स्मार्ट र किफायती बनाउन मद्दत गर्छन् ।

*१. प्रेसर कुकरको बढी प्रयोग गर्ने*

खाना पकाउन प्रेसर कुकर सबैभन्दा राम्रो विकल्प हो । दाल र कडा तरकारीहरू खुला भाँडामा पकाउँदा ग्यास धेरै खर्च हुन्छ । कुकरभित्रको दबाबले खानालाई छोटो समयमै पकाउँछ । सही तरिकाले कुकर प्रयोग गर्दा खाना ४० प्रतिशतदेखि ७० प्रतिशतसम्म छिटो पक्छ । यसले ग्यास मात्र बचाउँदैन, भान्सामा बिताउने समय पनि निकै घटाउँछ ।

*२. अनाजलाई पहिले नै भिजाउने*

पकाउनुअघि दाल, राजमा, चना र चामललाई पानीमा भिजाउनु ग्यास बचाउने सबैभन्दा सजिलो तरिका हो । भिजाएपछि दानाहरू नरम हुन्छन् र त्यसमा तापक्रम दिएपछि छिटो पाक्न सुरु हुन्छ । उदाहरणका लागि, राजमालाई रातभरि भिजाएमा यो धेरै कम समयमा पाक्छ । भिजाएका अनाज पकाउँदा ३० देखि ५० प्रतिशतसम्म इन्धन बचत हुन्छ । यसले ग्यास बचाउनुका साथै अनाजका पोषक तत्वहरू पनि शरीरले सजिलै ग्रहण गर्न सक्छ ।

*३. बर्नर र भाँडाको जोडी मिलाउने*

सानो भाँडाका लागि ठूलो बर्नर बाल्ने गल्ती धेरैले गर्छन्, जसले गर्दा आगो भाँडाको किनाराबाट बाहिर निस्केर खेर जान्छ । याद राख्नुपर्छ भाँडा सानो छ भने बर्नर पनि सानो नै प्रयोग गर्नुपर्छ । ग्यासको आगो सधैं भाँडाको तलको क्षेत्रभित्र मात्र रहनुपर्छ । ठूलो बर्नर भारी कुकर वा ठूलो भाँडाको लागि मात्र प्रयोग गर्नुपर्छ । यसको सही सन्तुलन मिलाउँदा ग्यास बचत हुन्छ ।

*४. छोपेर पकाउने*

खुला भाँडामा खाना पकाउनु ग्यासको सबैभन्दा ठूलो बर्बादी हो किनकि बाफसँगै ताप पनि बाहिर निस्कन्छ । सधैं कराही वा डेक्चीमा ढक्कन लगाएर नै खाना पकाउनुपर्छ । ढक्कनले भाँडाभित्र बाफको दबाब बनाउँछ र ताप भित्र नै रहन्छ, जसले गर्दा खाना छिटो पक्छ । यो सानो बदलावबाट २० देखि ३० प्रतिशतसम्म इन्धन बचाउन सकिन्छ । यसले खानालाई नरम बनाउँछ र स्वाद पनि राम्रो बनाउँछ ।

*५. तरकारीहरूलाई सानो-सानो टुक्रामा काट्ने*

तरकारी काट्ने तरिकाले पनि ग्यास बचतमा भूमिका खेल्छ । तरकारी जति सानो र एकनासको टुक्रामा काटिन्छ, उति नै छिटो पक्छ । साना टुक्राहरूको सतह क्षेत्र बढ्छ, जसले गर्दा ताप छिटो भित्रसम्म पुग्छ ।

*६. मल्टीलेयर'तह भएको'कुकरमा एकसाथ धेरै कुरा पकाउने*

यदि तह भएको प्रेसर कुकर छ भने, एकै पटक धेरै चिज पकाउने बानी बसाल्नुपर्छ । तल दाल र माथिका डिब्बामा चामल वा उमाल्ने तरकारी राख्न सकिन्छ । एकै पटक ग्यास बाल्दा तीन किसिमको खाना तयार हुन्छ । यसबाट ग्यासको धेरै बचत हुन्छ र भाँडा बारम्बार धुने झन्झट पनि घट्छ ।

*७. बर्नर नियमित सफा गर्ने*

ग्यास बर्नरका प्वालहरूमा फोहोर वा तेल जम्मा हुँदा आगो राम्रोसँग आउँदैन । यदि ग्यासको आगो पहेँलो वा सुन्तला रङको देखिन्छ भने बुझ्नुपर्छ ग्यास पूरै बलिरहेको छैन र खेर गइरहेको छ । सधैं निलो आगोले नै सबैभन्दा राम्रो ताप दिन्छ । हरेक १५ दिनमा बर्नरलाई ब्रस वा सियोले सफा गर्नुपर्छ ।

*८. बाँकी रहेको तापको प्रयोग गर्ने*

खाना पूरै पाक्नु भन्दा ५-१० मिनेट अगाडि नै ग्यास बन्द गर्ने । मोटो तह भएको भाँडामा यति धेरै ताप जम्मा भएको हुन्छ कि ग्यास बन्द गरेपछि पनि खाना पकिरहन्छ । जस्तैः चामल वा पास्ता उमाल्दा ८० प्रतिशत पकिएपछि ग्यास बन्द गरेर ढक्कन लगाएर छोडिदिन सकिन्छ । बाफ र भाँडाको बाफले बाँकी काम गर्छ । यो बानीले महिनामा निकै ग्यास बचाउँछ ।

*९. बाक्लो र चेप्टो तह भएको भाँडा प्रयोग गर्ने*

भाँडाको छनोटले पनि ग्यास खपतमा असर गर्छ । सधैं बाक्लो तह भएको भाँडा प्रयोग गर्नुपर्छ । यस खालको भाँडामा तापलाई समान रूपमा फैलाउँछन् र लामो समयसम्म तातो रहन्छन् । चेप्टो तह भएकाका भाँडाहरूले बर्नरको आगोलाई राम्रोसँग सोस्छन् । स्टेनलेस स्टील वा कास्ट आइरनका भाँडाहरू ग्यास बचतका लागि सबैभन्दा राम्रो मानिन्छन् ।


*१०. इलेक्ट्रिक ग्याजेट र ब्याच कुकिङ अपनाउने*

पानी उमाल्न ग्यासको सट्टा इलेक्ट्रिक किल्ती प्रयोग गर्नुपर्छ । यो बढी किफायती हुन्छ । साथै ब्याच कुकिङ गर्नुपर्छ । ब्याच कुकिङ भन्नाले एकै पटक दुई-तीन पटकका लागि दाल, चामल वा गेडागुडी पकाएर फ्रिजमा राख्ने । खाना खाने बेला मात्र थोरै तताएर खाने । एकै पटक ठूलो मात्रामा पकाउँदा बारम्बार ग्यास बाल्नुभन्दा धेरै इन्धन बचत हुन्छ ।

# मुक्तिनाथमा चैतमा हिमपात, तिर्थालु प्रभावित

दैनिक समाचारदाता

मुक्तिनाथ २२, चैत । मध्यपूर्वमा बढ्दो सैन्य तनाबका बीच संयुक्त अरब इमिरेट्स (यूएई) बाट घर विदामा आएका प्रदिप सुबेदीलाई बर्षा र हिमपातका कारण आइतबार मुक्तिनाथ



मन्दिर पुग्न निकै सकस भयो। पोखरा बस्ने सुबेदी परिवार र आफन्तसँग मुक्तिनाथ मन्दिरको दर्शनका लागि पुगेका थिए। गए रातिदेखि परेको हिमपातले मन्दिरसहित आसपास क्षेत्र हिउँले छपक्कै ढाकेको थियो। तिर्थालु सुबेदीले भने, "दर्शनसँगै हिउँमा खेल्ने अवसर पनि मिल्यो, चैतमा हिउँ परेपछि स्थानीयहरू समेत खुसी छन्।" यस वर्ष मुक्तिनाथ मन्दिर क्षेत्रमा यो पाँचौं पटक हिमपात भएको हो। हिमपातका कारण विहानको समयमा मन्दिरको पदमार्ग, परिसर र आसपास क्षेत्रमा पैदल यात्रा कठिन भएको थियो। मौसम केही सुधार भएपछि अहिले तिर्थयात्रा सहज भएको जानकारी वडाअध्यक्ष एवम् मन्दिर व्यवस्थापन समितिका कोषाध्यक्ष प्रमेश गुरुङले दिए। उहाँले भन्नुभयो, "अहिले मन्दिर क्षेत्रमा तिर्थालु जानेक्रम बढेको छ, पहिलाको जमेको हिउँ नपग्लिदै नयाँ हिमपात भएपछि केही दिन दृश्य सुन्दर देखिन्छ।"

बेनी-जोमसोम सडकखण्ड अन्तर्गत पर्ने थासाङ, घरपझोङ र वारागुङ मुक्तिक्षेत्र गाउँपालिकामा बर्षासहित सामान्य हिमपात हुँदा विहान जनजीवन कष्टकर बनेको थियो। तर, लोमान्थाङ र लोघेकर दामोदर कुण्ड गाउँपालिका जोड्ने कागबेनी-लोमान्थाङ-कोरला सडकमा हिउँ परेको भए पनि यातायात नियमित सञ्चालन भइरहेको छ।

मुक्तिनाथ मन्दिर व्यवस्थापन समितिका कार्यालय प्रमुख दिनेश भुषालले बताउनुभयो। हिमपातका कारण केही असहज भए पनि मन्दिर, रानीपौवा र खिङ्गा क्षेत्रका तिर्थालु तथा पर्यटक आवत-जावत गर्दैछन्,




- विभिन्न प्रकारको कोटन रोल
- विभिन्न प्रकारका जिङ्जैङ् कोटन
- डिलेभरी पैड सहितका लागि सम्पर्क स्थान

रामेश्वरम सर्जिकल उद्योग

जनकपुरधाम, ७४, मधेश प्रदेश

मो.नं.: ९८१९८३५३७४



विहानको सुरुवात ताजा समाचारसँगै । विहान-विहानै देश-दुनियाँका ताजा, विश्वसनीय र विश्लेषणात्मक समाचार पढ्नुस् –तपाईंको आफ्नै पत्रिका । साथै जहाँ पत्रिका उपलब्ध छैन त्यहाँका लागि-

Website www.esamachardainik.com

राष्ट्रिय दैनिक समाचार दैनिक जनकपुर

# बर्दीबास उद्योग वाणिज्य संघको चुनावमा प्रतिस्पर्धा तातिँदै

दैनिक समाचारदाता

जनकपुरधाम, २२ चैत । बर्दीबास उद्योग वाणिज्य संघको चैत २४ गते हुने कार्यसमिति चुनाव नजिकिँदै जाँदा बजार क्षेत्रमा चुनावी माहोल चर्किएको छ। अध्यक्ष, उपाध्यक्षसहित ८ पदाधिकारी र ११ सदस्य गरी १९ सदस्यीय नयाँ कार्यसमिति चयनका लागि दीपकबहादुर कार्की र उत्तम श्रेष्ठ नेतृत्वको प्यानलबिच कडा प्रतिस्पर्धा देखिन्छ।

कार्की प्यानल 'डमरु' र श्रेष्ठ प्यानल 'कलश' चुनाव चिन्हसहित मतदातासँग सम्पर्क बढाइरहेका छन्। व्यापारीहरू आफ्ना घरदैलो अभियानमार्फत आफ्ना प्यानलको समर्थन जुटाउन सक्रिय छन्। चैत १३ गते मनोनयन दर्तापछि केही सदस्यता विवाद देखिए पनि दुवै प्यानलले प्रचारप्रसार तीव्र बनाएर आफ्नो पकड बलियो बनाउने प्रयास गरेका छन्।

मतदान नजिकिँदै जाँदा दुवै प्यानलको सक्रियता बढेको छ भने व्यापारी समुदायले पनि उम्मेदवारप्रति स्पष्ट धारणा बनाउन आन्तरिक छलफल गरिरहेको छ।




यसैबीच, दीपकबहादुर कार्की नेतृत्वको प्यानलले पत्रकार सम्मेलनमार्फत आफ्नो ४ बुँदे चुनावी संकल्प पत्र सार्वजनिक गरेको छ। 'सुरक्षित लगानी, मर्यादित पेशा र समृद्ध बर्दीबास' भन्ने नारासहित प्रस्तुत गरिएको संकल्पले निर्वाचनलाई थप रोचक बनाएको छ।

संकल्पपत्र अनुसार, कार्की प्यानलले व्यावसायिक विकास र दीर्घकालीन आर्थिक समृद्धि लक्षित विभिन्न योजना अघि सारेको छ। योजना अन्तर्गत साना लगानीकर्ताको सम्मान, घरभाडा, कर तथा व्यवसायी-घरधनी सम्बन्धी समस्या समाधान, सडक छेउका साना व्यवसायीको व्यवस्थापन, पार्किङ र फुटपाथ सुधार, सार्वजनिक शौचालय र प्रतीक्षालय निर्माण, बर्दीबासलाई पर्यटकीय गन्तव्यमा रूपान्तरण, 'स्टे बर्दीबास' प्याकेजमार्फत आन्तरिक तथा बाह्य पर्यटक आकर्षण, संघभित्र कानुनी परामर्श डेस्क स्थापना, स्वास्थ्य सेवामा सहुलियत र महिला उद्यमीका लागि सीपमूलक तालिम तथा स्वरोजगार कार्यक्रम सञ्चालन गर्ने लक्ष्य समावेश छन्।

पत्रकार सम्मेलनमा अध्यक्ष पदका उम्मेदवार दीपक कार्कीले भन्नुभयो, "हाम्रो प्यानलले बर्दीबासको व्यापार र व्यापारीको सर्वाङ्गिण हित र विकासका लागि उम्मेदवारी दिएको हो। संघलाई पारदर्शी, सेवामूलक बनाउने र व्यापारीका आवश्यकतालाई सम्बोधन गर्ने हाम्रो प्रतिबद्धता छ।"

बर्दीबासका युवा व्यापारी सुदर्शन काफ्लेले विश्लेषण गर्दै भन्नुभयो, "मङ्गलबार हुने चुनावले बर्दीबासको व्यावसायिक नेतृत्व कसको हातमा सुम्पिने हो, त्यो हेर्न बाँकी छ।"

# दीपक खड्काविरुद्ध ७ दिन म्याद थप

दैनिक समाचारदाता

काठमाडौं २२ चैत । नेपाली कांग्रेसका नेतासमेत रहेका पूर्वऊर्जामन्त्री दीपक खड्कामाथि अनुसन्धान गर्न थप ७ दिनको म्याद दिइएको छ । उनीमाथि सम्पत्ति शुद्धीकरणको मुद्दामा अनुसन्धान भइरहेको छ । चैत १५ गते पक्राउ परेका उनलाई आज दोस्रोपटक म्याद थप गरिएको हो । यसअघि काठमाडौं जिल्ला अदालतले ७ हिरासतमै राखेर अनुसन्धान गर्न अनुमति दिएको थियो ।

पूर्व ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री खड्कालाई भदौ २४ गतेको जेनजी आन्दोलनको उनको घरमा बरामद भएको रकमको अनुसन्धान गर्न नियन्त्रणमा लिइएको गृहमन्त्री सुधन गुरुङले नै बताएका थिए ।

खड्काको घरमा जलेको अवस्थामा भेटिएको रकमको विषयमा सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले अनुसन्धान गरिरहेको छ । विभागले यसअघि नै खड्काको घरबाट जलेका



नोटका केही टुक्रा र वरपरबाट खरानी संकलन समेत गरेको थियो ।

जेनजी आन्दोलनका क्रममा खड्काको घरमा प्रदर्शनकारीले तोडफोड र आगजनी गरेका थिए । आगजनीपछि उनको घरमा नेपाली र विदेशी नोट जलेको भिडियोहरू सामाजिक सञ्जालमा सार्वजनिक भएका थियो । कतिपय सग्ला नोट प्रदर्शनकारीले लगेका तस्बिर र भिडियो पनि सार्वजनिक भएका थियो । विभागले यसअघि नै खड्काको घरबाट जलेका नोटका केही टुक्रा र वरपरबाट खरानी संकलन समेत गरेको थियो ।

# फेवातालमा फसेका ११ जनाको उद्धार

दैनिक समाचारदाता

काठमाडौं, २२ चैत । पोखराको फेवातालको बीच भागमा अलपत्र परेका ११ जनाको उद्धार गरिएको छ । आज आइतबार दिउँसो हावाहुरी आएसँगै तालको बीच भागमा अलपत्र परेका ११ जनाको सशस्त्र प्रहरीको टोलीले उद्धार गरेको हो ।उनीहरु तालमा फसेको भन्ने जानकारी पाउनासाथ सशस्त्र प्रहरी बल नेपाल नं. २४ कालिका गण कास्कीबाट फेवा रेस्क्यु टावरमा खटिएको सशस्त्र प्रहरी सहायक निरीक्षक विशाल घर्ती मगरको कमाण्डको टोलीले सकुशल उद्धार गरेको सशस्त्रका सहप्रवक्ता शैलेन्द्र थापाले जानकारी दिए ।

उद्धार गरिएकाहरुमा तनहुँको शुक्लागण्डकी नगरपालिका-२ बस्ने १९ वर्षीय सागर भुजेल, २० वर्षीय सुमन चौधरी, पोखरा महानगरपालिका-३३ बागमारा बस्ने २१ वर्षीया सलिना पुन, म्याग्दी जिल्लाको अन्नपूर्ण-३ बाग्लुङ बस्ने २१ वर्षीया सन्जिता पुन, २० वर्षीया सुमीना तामाङ, २२ वर्षीया सुष्मा पुन, २० वर्षिया संजिता मगर, १९ वर्षीया रिया मगर, भारतको नयाँ दिल्ली घर बताउने २८ वर्षीय आयान, २८ वर्षिय अश्लाम र २६ वर्षीय स्याडब रहेका छन् ।

# इरानमा नेपाली नागरिक अमृत झा पक्राउ

दैनिक समाचारदाता

काठमाडौं, २२ चैत । इरानमा पक्राउ परेका उदयपुरका ३३ वर्षीय नेपाली अमृत झाको मुद्दा हाल इरानी अदालतमा विचाराधीन छ।

परराष्ट्र मन्त्रालयका प्रवक्ता लोकबहादुर पौडेल क्षेत्रीका अनुसार झासम्बन्धी प्रक्रिया अब पूर्णरूपमा अदालतको निर्णयमा निर्भर भएको छ।

झा यूएईस्थित कम्पनी ब्ल्याक सी मरिन एलएलसीको स्वामित्वमा रहेको पानीजहाजमा चालकदल सदस्यका रूपमा कार्यरत थिए। उनलाई इरानको सुरक्षा निकाय इस्लामिक इरान रेभलुसनरी गार्डले 'स्ट्रेट अफ होर्मुज' नजिकै नियन्त्रणमा लिएको थियो। उनीसँगै केही भारतीय नागरिक पनि पक्राउ परेका थिए।

प्रवक्ता क्षेत्रीका अनुसार यो व्यक्तिगत मुद्दा नभई जहाजसँग सम्बन्धित विषय हो। जहाज इरानको सामुद्रिक क्षेत्रमा प्रवेश गरेको र त्यहाँ अनुमति नपाइने प्रकारका सामग्री रहेको आशंकामा नियन्त्रणमा लिइएको अपुष्ट जानकारी आएको हो। यद्यपि, वास्तविक कारण अदालतले नै टुंग्याउने छ।

झाको अवस्थाबारे सरकारले नियमित जानकारी लिइरहेको छ। इरानका लागि नेपालको मान्यवर कन्सुल जनरल साहराम शान्तीई मार्फत एक इरानी वकिलको व्यवस्था गरिएको छ, जसले भारतीय र नेपाली दुवै नागरिकको पक्षमा बहस गरिरहेका छन्।

वकिलले झालाई भेटेर उनको अवस्था सामान्य र सुरक्षित रहेको जानकारी दिएका छन्। 'खानपिन लगायत सबै आधारभूत सुविधा ठिक छ, उहाँ सकुशल हुनुहुन्छ,' प्रवक्ता क्षेत्रीले बताए।

मुद्दाको फैसला ढिलाइ हुनुका विभिन्न कारण देखिएका छन्, जसमा इरानको वर्तमान परिस्थिती, युद्धजन्य अवस्था, 'नौरोज' (इरानी नयाँ वर्ष) पर्व, केही भौतिक पूर्वाधारमा क्षति तथा आवागमनमा अवरोध रहेका छन्।

झालाई के सजाय हुन्छ भन्नेबारे हाल केही भन्न नसकिने प्रवक्ता क्षेत्रीको भनाइ छ।

'कुन प्रकृतिको अपराध हो भन्ने आधारमा अदालतले निर्णय गर्ने भएकाले पूर्वानुमान गर्न



सकिने अवस्था छैन,' उनले स्पष्ट पारे।नेपाल सरकारका तर्फबाट कूटनीतिक माध्यममार्फत निरन्तर सम्पर्क र पहल भइरहेको र अदालतको अन्तिम निर्णयपछि मात्रै आगामी प्रक्रिया अघि बढ्ने बताए।

# सुलभ अग्रवालविरुद्ध ५ दिन म्याद थप

दैनिक समाचारदाता

काठमाडौं, २२ चैत । शंकर ग्रुपका सञ्चालक सुलभ अग्रवालविरुद्ध ५ दिन म्याद थप गरिएको छ । जिल्ला अदालत काठमाडौंले उनीविरुद्ध ५ दिन म्याद थप गरेको हो ।



उनलाई सम्पत्ति शुद्धीकरणसम्बन्धी कसुरमा आइतबार पक्राउ गरिएको थियो ।

बहस सकिएसँगै उनलाई ५ दिन म्याद थप गरिएको जिल्ला अदालत काठमाडौंका प्रवक्ता दीपक कुमार श्रेष्ठले जानकारी दिए ।

सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागमा अग्रवालविद्ध अनुसन्धान भइरहेको छ । अग्रवाल २०७६ सालमा पनि ज्वरो नाप्ने थर्मल गन महँगो मूल्यमा बेच्न खोजेको आरोपमा पक्राउ परेका थिए । उनलाई पछि विभागले तारेखमा छाडेको थियो ।

यसअघि शुक्रबार नै शंकर ग्रुपका अध्यक्ष शंकरलाल अग्रवाल पनि पक्राउ परेका थिए । उनलाई भने बयान सकेर छोडिएको छ ।

शंकर ग्रुप नेपालको एक अग्रणी व्यावसायिक घरानाका रूपमा चिनिन्छ । यसको मुख्य कम्पनी जगदम्बा स्टिल हो ।

यो समूहले नेपालमा स्टिलसँगै, सिमेन्ट, जलविद्युत्, उपभोक्ता वस्तु लगायत क्षेत्रमा लगानी गरेको छ ।

# कानुन विपरीत शुल्क असुल्ने विद्यालयविरुद्ध मन्त्रालयको चेतावनी

दैनिक समाचारदाता

काठमाडौं २२ चैत । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले केही संस्थागत विद्यालयहरूले कानुनी व्यवस्था विपरीत अग्रिम विद्यार्थी भर्ना गर्ने र भारी शुल्क असुल्ने गरेकोप्रति गम्भीर ध्यानाकर्षण भएको जनाएको छ। मन्त्रालयले आइतबार जारी प्रेस विज्ञप्तिमा उल्लेख गरेको छ कि देशका विभिन्न जिल्लाका केही निजी विद्यालयहरूले शिक्षा नियमावली, २०५९ ( संशोधनसहित) को नियम ८४(४) र नियम ७८(ग) तथा सर्वोच्च अदालतको मिति २०८२ चैत २० गतेको आदेश उल्लङ्घन गर्दै नयाँ शैक्षिक सत्र सुरु हुनु अघि नै विद्यार्थी भर्ना गर्ने र शुल्क





असुल्ने गरेको तथ्य सार्वजनिक भएका छन्।

मन्त्रालयले विद्यालय सञ्चालन जिम्मेवार र गरिमामय क्षेत्र भएकोले यस्ता गैरकानुनी गतिविधि अशोभनीय मात्र नभई दण्डनीय हुने भन्दै सबै विद्यालयलाई सचेत रहन आग्रह गरेको छ।

नयाँ सत्र सुरु भएपछि मात्र विद्यार्थी भर्ना गर्न र 'संस्थागत विद्यालय शुल्क निर्धारण मापदण्ड निर्देशिका, २०७२' अनुसार बाहेक अन्य कुनै शुल्क नलिन निर्देशन दिइएको छ। अभिभावकबाट असुल गरिएको कानुन विपरीत भर्ना शुल्क फिर्ता गर्न आवश्यक कानुनी प्रक्रिया अघि बढाउन सबै स्थानीय तहलाई अनुरोध गरिएको छ।

मन्त्रालयले तोकिएको समयभित्र शुल्क फिर्ता नगर्ने विद्यालयलाई शिक्षा ऐन, २०२८ लगायत प्रचलित कानुन अनुसार कारबाही गरिने चेतावनीसमेत दिएको छ।

अब अनलाइनबाट बुकिङ्गको सुविधा





- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दुखाई बिनाको सुत्केरी

को लागि उपचार गराउन चाहनुहुन्छ भन्ने अनलाइनबाटै बुकिङ्गको लागि

www.divyaclinicjanakpur.com

वरिष्ठ चिकित्सकहरु




दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :9861147201

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035
9801674020

'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रक: न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालय: विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४